This VIS translation is out of date. When you give your patient this translation, also give them the up-to-date English version of it.
To get both, and to find out what was updated, go to www.immunize.org/vis

# टिटानस, डिपथेरिया (Td) *अथवा* टिटानस, डिपथेरिया, पर्टुसिस (Tdap) खोप

## तपाईले के थाहा पाउन आबश्यक छ

धेरै खोपका जानकारीको बिवरणहरु स्प्यानिस तथा अरु भाषाहरुमा उपलब्ध छन् । www.immunize.org/vis हेर्नुहोस् ।

## 1 खोप किन लिने ?

6 वर्ष र सो भन्दा कम उमेरका केटाकेटीलाई टिटानस (धनुषटंकार) डिपथेरिया (भ्यागुते रोग) तथा पर्टुसिस (लहरेखोकी) को विरुद्धको खोप नियमित रुपमा लगाइन्छ । तर हुर्केका केटाकेटीहरु, किशोरकिशोरीहरु तथा वयस्क व्यक्तिहरुलाई पनि यी रोगवाट सुरक्षित राख्नु पर्दछ । Td (टिटानस, डिप्थेरिया) र Tdap (टिटानस, डिपथेरिया, पेर्टुसिस) खोपहरुले यस्तो सुरक्षा प्रदान गर्दछन् ।

**टिटानस (वंगारा वाधिने)** वाट पीडादायक रुपमा मांशपेशी खुम्चने र अक्सर गरेर शरीर भरिनै यस्तो पीडा हुने गर्दछ ।

- यसले वंगाराका मांशपेशीहरुलाइ अठ्याइ दिन्छ जसले गर्दा पीडीतले मुख खोल्न र निल्न सक्दैन । टिटानसले यसवाट संक्रमित भएका 5 जना मध्येमा करीव 1 जनाको ज्यान लिन्छ ।

**डिपथेरियाले** घाटीको पछाडि पट्टिको भागलाई वाक्लो संग ढाकि दिन्छ ।

- यसवाट सास फेर्न समस्या हुने, पक्षघात हुने, मुटु वन्द हुने र मृत्यु सम्म हुने गर्दछ ।

**पेर्टुसिस (लहरेखोकी)** ले कडा खालको र लामो समय सम्मको खोकी लगाउदछ, वान्ता आउने र निन्द्रा विथोली दिने गदर्छ ।

- यसले तौल घटाउदछ, दिसापिसाव रोक्न नसक्ने वनाउछ, करंग भाचिन्छ र डरलाग्दो खालको खोकी लागेर त्यसवाट मुर्छा पनि पर्न सक्दछ । लहरेखोकी लागेका 100 जना किशोरकिशोरीहरु मध्ये 2 जना सम्म र 100 जना वयस्क व्यक्तिहरु मध्ये 5 जना सम्मलाई अस्पतालमा भर्ना गरिएको छ वा उनीहरुलाई निमोनिया लगायतका जटिलट समस्याहरु भएका छन् ।

यी तिनवटै रोगहरु व्याक्टेरियाले गर्दा लाग्दछन् । डिपथेरिया र पेर्टुसिस एउटा व्यक्तिवाट अर्को व्यक्तिमा सर्दछ । टिटानस काटेको ठाउ, खोस्रिएको ठाउ वा घाउहरुवाट शरीर भित्र प्रवेश गर्दछ ।

खोपहरु लगाउन शुरु गर्नु भन्दा पहिले संयुक्त राज्यमा प्रत्येक वर्ष टिटानसका केसहरु सरदर 1,300 तथा डिपोथेरियाका केसहरु सरदर 175,000 हुने गर्दथे । खोपहरु उपलब्ध भए पछि टिटानस हुने केसहरु 96 प्रतिशतले र डिप्थेरिया हुने केसहरु 99.9 प्रतिशतले कम भएका छन् ।

2005 भन्दा अगाडि, 7 वर्ष भन्दा कम उमेरका केटाकेटीहरुले पर्टुसिसको खोप लिन सक्दथे । 2004 मा सम्युक्त राज्यमा 8,000 किशोरकिशोरीहरुलाई र 7,000 वयस्क व्यक्तिहरुलाई पेर्टुसिस भएको थियो ।

## 2 Td र Tdap खोप

- Td खोपको प्रयोग धेरै वर्ष देखि हुदै आएको छ । यसले टिटानस र डिप्थेरिया हुनवाट जोगाउदछ ।
- 2005 मा Tdap लाई प्रयोग गर्ने अनुमति (लाइसेन्स) दिइएको थियो । यी सबै तीनवटै रोगहरु लाग्नवाट किशोरकिशोरीहरु र वयस्क व्यक्तिहरुलाई वचाउनका लागी लगाइने खोपमा यो पहिलो हो ।

> नोट : अहिले Tdap लाई जीवनभरमा एक पटक मात्र लगाउन अनुमति छ भने Td लाई हरेक 10 वर्षमा लगाइन्छ र आवश्यक परेमा यसलाई चाडो पनि लगाइन्छ ।

यी खोपहरुलाई तीन प्रकारले प्रयोग गर्न सकिन्छ : 1) केटाकेटी अवस्थामा DTaP वा DTP को खोपको लिनुपर्ने सबै मात्रा नलिएका व्यक्तिहरुलाई सोधभर्नाको रुपमा दिइने, 2) हरेक 10 वर्षमा बुस्टर डोजको रुपमा दिइने, र 3) घाउ लागे पछि त्यसवाट टिटानसको संक्रमण हुने खतरावाट जोगाउनका लागि दिइने ।

## 3 कुन खोप कहिले लिने ?

### नियमित : 11 देखि 18 वर्षका किशोरकिशोरीहरु

- केटाकेटी अवस्थामा DTaP वा DTP लिएका र अहिले सम्म Td को वुस्टर डोज नलिएका किशोरकिशोरीहरुलाई Tdap को एक मात्रा लगाइ दिनका लागि सिफरिश गरिन्छ । यो दिनका लागि उपयुक्त हुने उमेर 11 देखि 12 वर्ष हो ।
- Td को बुस्टर डोज लिइ सकेका किशोरकिशोरीहरुले पनि पेरटुसिस लाग्नवाट जोगिनका लागि Tdap को एक मात्रा लगाउन प्रोत्साहित गरिन्छ । Td र Tdap लगाउन यी दुई वीच कम्तीमा 5 वर्षको फरक हुनुपर्ने तर्फ प्रोत्साहित गरिन्छ तापनि त्यसो नै हुनुपर्छ भन्ने चाही छैन ।
- केटाकेटी अवस्थामा DTaP वा DTP को निर्धारित सवै मात्राहरु नलिएका किशोरकिशोरीहरुले Td र Tdap मिलाएर उक्त क्रमलाई पूरा गर्नुपर्दछ ।

### नियमित : 19 वर्ष र सो भन्दा माथिको उमेरका वयस्क व्यक्तिहरु

- सवै वयस्क व्यक्तिहरुले प्रत्येक 10 वर्षमा Td को वुस्टर डोज लिनु पर्दछ । Tdap कहिल्यै नलगाएका 65 वर्ष मुनिका वयस्कहरुले अर्को वुष्टर डोजको लागि Tdap ले सट्टा गर्नु पर्दछ ।
- 12 महीना भन्दा कम उमेरको शिशु (गर्भवती हुन सक्ने महिला समेत) को निकट सम्पर्कमा आउनु पर्ने 65 वर्ष मुनिको वयस्क व्यक्तिले पनि Tdap को एक डोज लिनु पर्दछ । Td को अन्तिम मात्रा लिए पछि कम्तीमा 2 वर्ष पर्खनका लागि सुझाव दिइन्छ तर यसै गर्नुपर्ने आवश्यकता भने छैन ।
- अस्पतालहरुमा विरामीसंग सीधा सम्पर्क हुने 65 वर्ष मुनिका स्वास्थ्य कार्यकर्ताहरुले Tdap को एक मात्रा लिनु पर्दछ । अन्तिम पटक Td लिएपछि कम से कम 2 वर्ष पर्खनका लागि सुझाव दिइन्छ तर त्यसै गर्नु पर्ने आवश्यकता भने छैन ।

पहिले कहिल्यै Tdap नलगाएका नव आमाहरुले सुत्केरी भए पछि जति सक्दो छिटो यस्को एक मात्रा लगाउनु पर्दछ । *गर्भावस्थामा* खोप लगाउनु आवश्यक भएमा अक्सर गरेर Tdap भन्दा Td लाई प्राथमिकता दिइन्छ ।

### घाउ लागे पछिको वचाउ

धेरै काटेको वा जलेको व्यक्तिलाई टिटानसको संक्रमणहुनवाट जोगाउन Td वा Tdap को एक मात्रा लगाउन आवश्यक पर्न सक्दछ । कहिल्यै एक मात्रा पनि नलगाएका मानिसहरुलाई Tdap लगाउन सकिने छ । तर Tdap उपलब्ध नभएमा Td को प्रयोग गर्नु पर्दछ वा निम्न व्यक्तिहरलाई Td लगाउनु पर्दछ :

- Tdap को एक मात्रा लिइ सकेका कुनै पनि व्यक्तिलाई,
- 7 वर्ष देखि 9 वर्षको उमेर सम्मका केटाकेटीहरलाई, वा
- 65 वर्ष वा सो भन्दा वढी उमेरका प्रौढ व्यक्तिहरुलाई ।

अरु खोपहरु जस्तै गरी Tdap र Td लाई पनि उही वेलामा लगाई दिन सकिन्छ ।

## 4 केही मानिसहरुलाई खोप लगाई दिनु हुदैन वा लगाउनका लागि पर्खनु पर्दछ

- DTP, DTaP, DT, वा Td को एक मात्रा लगाए पछि त्यसवाट एलर्जी भै ज्यानै जाने किसिमले प्रतिक्रिया भैसकेका जुनसुकै व्यक्तिले पनि Td वा Tdap लगाउनु हुदैन ।
- खोपमा राखिने कुनै पनि चीजवाट धेरै एलर्जी हुने व्यक्तिले खोप लगाउनु हुदैन । खोप लगाइ दिन लागिएको व्यक्तिमा कुनै किसिमको कडा एलर्जी छ भने सो कुरा आफ्नो प्रदायकलाई वताउनुहोस ।
- DTP वा DTaP को खोप लगाए पछि 7 दिन भित्र यदि कुनै व्यक्ति लाई कोमा (मूर्छा) भएको लामो आघात वा वहुआघात भएको भए र सो कुरा खोपवाट भएको नभै अन्य कुनै कारणवाट नै भएको भन्ने कुरा पत्ता नलागे सम्म त्यस्ता व्यक्तिले Tdap लगाउनु हुदैन (यस्ता व्यक्तिहरुले Td लगाउन *सक्दछन्*) ।

This VIS translation is out of date. When you give your patient this translation, also give them the up-to-date English version of it.
To get both, and to find out what was updated, go to www.immunize.org/vis

- यी कुनै पनि खोपहरु लिन लागेका व्यक्तिमा निम्न कुरा भए त्यो कुरा आफ्नो प्रदायकलाई भन्नुहोस :
  - छारे रोग (एपिलिप्सीस) वा स्नायुप्रणाली सम्वन्धी अन्य समस्या छ भने,
  - DTP, DTaP, DT, Td, वा Tdap पहिलो पटक लगाए पछि उसलाई धेरै सुन्निएको वा धेरै दुखेको थियो भने, वा
  - उसलाई गुलियन ब्यारेसिन्ड्रोम (GBS) भएको छ भने ।

कुनै व्यक्तिलाई खोप लगाउने भनी निर्धारित गरिएको दिनमा उ मध्यम खालले वा कडा खालले विमारी परेको छ भने त्यस्तो विमारीवाट निको नभए सम्म उसलाई Tdap वा Td खोप लगाउन पर्खनु पर्दछ । मन्द विमार भएको वा कम ज्वरो आएको व्यक्तिलाई अक्सर गरेर खोप लगाई दिन सकिन्छ ।

## 5 Tdap र Td खोपवाट हुने जोखिमहरु के के हुन ?

खोपवाट पनि (अरु कुनै औषधिले जस्तै) ज्यानै लिने खालको एलर्जीको प्रतिक्रिया हुने वा अर्कै गम्भीर समस्या उत्पन्न हुने अलिकति खतरा सधै रहेको हुन्छ ।

यी खोपहरु लिएवाट भन्दा टिटानस, डिपथेरिया वा पेर्टुसिस लागेवाट धेरै कडा खालका समस्याहरु पैदा हुने संभावना रहन्छ ।

Td वा Tdap को खोप लगाए पछि निस्केका भनि वताइएका समस्याहरु तल दिइएका छन् ।

**हल्का खालका समस्याहरु**
**(ध्यान दिन योग्य, तर क्रियाकलापहरु गर्नमा हस्क्षेप नभएको)**

### Tdap

- बाट दुख्ने (4 जना किशोरकिशोरीहरुमा करीव 3 जनालाई र 3 जना वयस्क व्यक्तिहरु मा 2 जनालाई)
- बाट रातोहुने वा सुन्निने (5 जनामा करीव 1 जनालाई)
- बाट कम्तीमा 100.4 डिग्री फरेनहाइडको मन्द ज्वरो आउने (25 जना किशोरकिशोरीहरुमा करीव 1 जनालाई र 100 जना वयस्क व्यक्ति मा करीव 1 जनालाई)
- बाट टाउको दुख्ने (10 जना किशोरकिशोरीहरुमा करीव 4 जनालाई र 10 जना वयस्क व्यक्तिहरुमा करीव 3 जनालाई)
- बाट थकित देखिने (3 जना किशोरकिशोरीहरुमा करीव 1 जनालाई र 4 जना वयस्क व्यक्तिहरुमा करीव 1 जनालाई)
- बाट वाकवाकी लाग्ने, वान्ता आउने, पखाला लाग्ने, पेट दुख्ने (4 जना किशोरकिशोरीहरुमा करीव 1 जनालाई र 10 जना वयस्क व्यक्तिहरुमा करीव 1 जनालाई)
- बाट जाडो लाग्ने, शरीर दुख्ने, जोर्नीहरु दुख्ने, ग्रन्थीहरु सुन्निने (असामान्य)

### Td

- बाट दुख्ने (10 जनामा करीव 8 जनालाई)
- बाट रातो हुने वा सुन्निने (3 जनामा करीव 1 जनालाई)
- बाट मन्द ज्वरो आउने (15 जनामा करीव 1 जनालाई)
- टाउको दुख्ने वा थकाई लाग्ने (असामान्य)

**मध्यम खालका समस्याहरु**
**(क्रियाकलापहरु माथि हस्तक्षेप भएको तर उपचार गर्ने तर्फ ध्यान दिनु नपर्ने)**

### Tdap

- बाट सुइ लगाएको ठाउमा दुख्ने (20 जना किशोरकिशोरीहरुमा करीव 1 जनालाई र 100 जना वयस्क व्यक्तिहरुमा करीव 1 जनालाई)
- बाट रातो हुने वा सुन्निने (16 जना किशोरकिशोरीहरुमा करीव 1 जनालाई र 25 जना वयस्क व्यक्तिहरुमा करीव 1 जनालाई)
- बाट 102 डिग्री फरेनहाइट भन्दा वढी ज्वरो आउने (100 जना किशोरकिशोरीहरुमा करीव 1 जनालाई र 250 जना वयस्क व्यक्तिहरुमा करीव 1 जनालाई)
- बाट टाउको दुख्ने (300 जनामा 1 जनालाई)
- बाट वाकवाकी लाग्ने, वान्ता आउने , पखला लाग्ने, पेट दुख्ने (100 जना किशोरकिशोरीहरुमा 3 जनालाई र 100 जना वयस्क व्यक्तिहरुमा 1 जनालाई)

### Td

- बाट 102 डिग्री फरेनहाइट भन्दा वढी ज्वरो आउने (विरलै)

### Tdap वाट वा Td वाट

- सुइ दिएको पाखुरामा धेरै नै सुन्निने (100 जनामा 3 जनालाई)

**कडा खालका समस्याहरु**
**(धेरै जसो क्रियाकलापहरु गर्न नसक्ने, औषधि गर्ने तर्फ ध्यानदिनु पर्ने)**

### Tdap

- को खोप लिए पछि स्वास्थ्य परिक्षण (क्लिनिकल ट्राएल) गर्दा दुइ जना वयस्क व्यक्तिहरुमा स्नायु प्रणाली सम्वन्धी समस्याहरु देखिए । खोपको कारणले यी समस्याहरु भएका हुन सक्छन् वा नभएका पनि हुन सक्दछ । यी समस्याहरु पछि आफै विलाउदै गए र तिनले कुनै स्थायी किसीमको नोक्सान पुर्‍याएनन् ।

### Tdap वा Td

- बाट सुइ लगाएको पाखुरामा सुन्निने, धेरै दुख्ने र रातो हुने (विरलै)

कुनै पनि खोप लिए पछि त्यस्को एलर्जीवाट धेरै प्रतिक्रिया पनि हुन सक्दछ । दश लाख खोप दिदा यस्तो कुरा एउटामा हुन सक्ने ।

## 6 मध्यम वा गम्भिर समस्या भएमा के गर्ने ?

**मैले कुन कुराहरुको बिचार गर्नु पर्दछ ?**
कुनै पनि किसिमको असामान्य अवस्थालाई जस्तो उच्च ज्वरो वा व्यवहारमा परिवर्तन । एलर्जीको निकैनै प्रतिक्रिया हुने लक्षणहरुमा पर्दछन् : सास फेर्न अपठेरो हुने, आवाज धोक्रो हुने वा ध्यारध्यार गर्ने, चिलाउने खालका डाबरहरु निस्कने, पहेलो हुने, कमजोर हुने, मुटु छिटोछिटो धडकने वा चक्कर लाग्ने ।

**मैले के गर्नु पर्छ ?**

- चिकित्सकलाई **फोन गर्ने** वा बिरामीलाई तुरुन्तै चिकित्सक काहाँ लिएर जाने ।
- चिकित्सकलाई के भएको, भएको समय र मिति तथा खोप लिएको समय पनि **बताउने** ।
- आफनो प्रबन्धक (प्रोभाईडर) लाई खोप प्रतिकूल घटना सुचना व्यबस्था भ्याक्सिन एडभर्स ईभेन्ट रिर्पोटिगँ सिस्टम (Vaccine Adverse Event Reporting System, VAERS) को फारम भरेर एलर्जिको रिर्पोट गर्न **आग्रह गर्ने** । अथवा तपाई आफैले पनि VAERS को वेवसाइट **www.vaers.hhs.gov** मार्फत वा नं. **1-800-822-7967** मा फोन गरेर यो जाहेरी दिन सक्नुहुन्छ ।

*VAERS ले स्वास्थ्य सम्वन्धी कुरामा सुझाव दिदैन ।*

## 7 खोपवाट हुने चोटपटकको लागि क्षतिपूर्ति गर्ने सम्वन्धी राष्ट्रिय कार्यक्रम

खोप लिदा गम्भीर प्रतिक्रिया भएको कुनै पनि व्यक्तिको उपचारमा लाग्ने खर्च तिर्न सहयोग गर्नका लागि एउटा संघीय कार्यक्रम विद्यमान रहेको छ ।

खोपवाट हुने चोटपटकको लागि क्षतिपूर्ति गर्ने सम्वन्धी राष्ट्रिय कार्यक्रम (National Vaccine Injury Compensation Program) को वारेमा विस्तृत जानकारी लिन नं. **1-800-338-2382** मा फोन गर्नुहोस वा उक्त कार्यक्रमको वेवसाइट **www.hrsa.gov/vaccinecompensation** हेर्नुहोस ।

## 8 मैले अन्य कुराहरु कसरी सिक्ने ?

- आफनो व्यबस्थापकलाई सोध्ने । उनीहरुले तपाईलाई खोपको जानकारी पुस्तिका वा अन्य जानकारीका श्रोतहरु उपलब्द गराउन सक्छन् ।
- आफनो स्थानिय वा राज्य स्वास्थ विभागमा फोन गर्ने ।
- रोग नियन्त्रण तथा निबारण केन्द्र (CDC) मा सर्म्पक गर्ने :
  - नं. **1-800-232-4636 (1-800-CDC-INFO)** मा फोन गर्नुहोस
  - CDC को निम्न वेवसाइटहरु हेर्नुहोस : **www.cdc.gov/vaccines.**

**DEPARTMENT OF HEALTH AND HUMAN SERVICES**
**CENTERS FOR DISEASE CONTROL AND PREVENTION**

Vaccine Information Statement (Interim)
Td & Tdap Vaccines NP - Nepali (11/18/08) 42 U.S.C. § 300aa-26
Translated by Transcend Translations, Davis, CA www.transcend.net